# बुख्याचानिर उभिएर

-यादव थपलिया

मान्छे
बाली लगाउँछ
र, बालीको 'सह' जोगाउने
भ्रमसँगै
हरमौसम
बुख्याचाको खेती गर्छ ।

लट्ठी उभ्याउँछ,
दौरासुरुवालमाथि
कोट भिराउँछ
हाँडीको टाउकोमाथि
नाक, कान, आँखाका आकृति कोर्छ
मान्छे
बालीकुरुवा बुख्याचामाथि
विश्वासको सगरमाथा उभ्याउँछ ।

हरमौसम
मान्छे
बुख्याचामा विश्वास फलाउन खोज्छ
मान्छे-बुख्याचा
बुख्याचा-मान्छे
हरमौसम बुख्याचा
एक्लै
सर्लप्पै
बाली खान्छ
बालीसँगै
मान्छेको 'सह' बुत्याउँछ ।
रहलपहल बालीमै
चित्तबुझाएर,
मान्छे
फेरि बाली र बुख्याचा
एकैसाथ फलाउँछ
र, बुख्याचाकै पाउ पर्छ
बुख्याचाकै भजन गाउँछ

बुख्याचाकै प्रार्थना गर्छ

हरमौसम
बालीको मझधारमा
उभिएको छ- ठिंग
एक्लै
बुख्याचा
हरमौसम जडाउरी बुट बजारेर
बुख्याचा
बालीमाथि शासन गर्छ ।

अचेल
मान्छे
बुख्याचाको विश्वासबाट अलिक अलग्गिएर
आफैंसँग बिलम्बित प्रश्न गरिरहेछ-
ओ ! मान्छे !!
काठेशरीरमाथि जडाउरी  भिरेको
हृदयहीन बुख्याचाको
कहिलेसम्म भर हुन्छ ?